# द सहारा
लोन सेविंग्स को-आँपरेटिभ सोसाईटी लिमिटेड
*(सहकारी ऐन २०४८ बमोजिम स्थापित) रजि. नं. ०१/०५०/०५१)*

## एस.एम.एस. एण्ड मोवाईल बैंकिङ्ग सेवा निवेदन फारम
## Application For S.M.S. & Mobile Banking

***फोटो***
फोटोमा पर्नेगरी खाताधारीको दस्तखत

मिति : गते ___ महिना ___ साल ___

शेयर सदस्य नम्बर : ________

प्र.का./सेवा केन्द्र/सम्पर्क कार्यालय : ________ मुख्य खाता नम्बर : ________

☐ : नयाँ मोवाईल बैंकिङ्ग सेवा सूचारु गर्न ।  ☐ : सूचारु भएको मोवाईल बैंकिङ्ग सेवामा परिवर्तन गर्न ।

महोदय,

मैले/हामीले एस.एम.एस. एण्ड मोवाईल बैंकिङ्ग सेवा उपलब्ध गराई पाउँ भनी यस संस्था समक्ष निम्न लिखित निवेदन पेश गर्दछु/छौं ।

***व्यक्तिगत विवरण***

पुरा नाम, थर : ________

जन्म मिति : ________ नागरिकता प्र.प. नं. : ________ जारी मिति : ________

नागरिकता प्रमाण-पत्र जारी गर्ने कार्यालय : ________ लिङ्ग : ☐ महिला ☐ पुरुष ☐ तेस्रो

मोवाईल नं. : ☐☐☐☐☐☐☐☐☐☐ मोवाईल सेवा दाता : ________

इमेल आई.डी : ________ *(अनिवार्य)*

***रहनसहनको विवरण***

स्थायी ठेगाना

प्रदेश : ☐ जिल्ला : ________ महा/उपमहा/नगरपालिका/गाउँपालिका : ________

वडा नं. : ☐ गाउँ/टोल : ________ घर नं. : ☐

परिवर्तीत ठेगाना

प्रदेश : ☐ जिल्ला : ________ महा/उपमहा/नगरपालिका/गाउँपालिका : ________

वडा नं. : ☐ गाउँ/टोल : ________ घर नं. : ☐

***अख्तीयारी***

म/हामी यस संस्थाबाट मोवाईल बैंकिङ्ग सेवा लिन चाहन्छु/छौं । कृपया यस सेवा लिँदा लाग्ने रकम र अन्य शुल्क खाताबाट खर्च लेख्नुहोला । शुल्क भुक्तानी गर्दाका बखत खातामा आवश्यक रकम रहने कुरामा म/हामी आश्वस्त गराउन चाहन्छु/छौं । मैले/हामीले लिखित रुपमा यस निर्देशनलाई रद्ध नगरे सम्म यस निर्देशन कार्यान्वयन गर्दा लागेको शुल्क तिर्न बुझाउन म/हामी मन्जुर गर्दछु/छौं । मैले/हामिले यसमा उल्लेखित शर्तहरु पढी बुझी जानेको छु/छौं र मोवाईल नम्बरबाट निर्देशन गरिएका कुनै पनि कारोवारका लागि खातामा खर्च लेखिने र मोवाईल फोन र पिन नम्बरको सुरक्षणको पूर्ण दायित्व म/हामीमा रहेको कुरा बुझेको छु/छौं ।

.......................................
खातावालको दस्तखत

## संस्था प्रयोजनको लागी मात्र

☐ : नयाँ सदस्यता  ☐ : भएको सदस्यतामा संशोधन

☐ : शेयर सदस्यले अनुरोध गरेको खाता अथवा ऋणको जानकारीको लागी Mobile Banking को सेवा प्रदान गरीएको छ ।

☐ : यो सेवा प्रदान गरे वापतको शुल्क जम्मा गरीयो ।

☐ : संस्थालाई आवश्यक पर्ने कागजातहरु प्राप्त भएको छ ।

.......................................
आधिकारिक दस्तखत

***द सहारा लो.से.को.सो.लि. ले उल्लेखित शर्तहरुको अधिनमा रही मोबाईल बैकिंग सेवा प्रदान गर्नेछ ।***

***१. प्रासंगिक रुपमा अर्को अर्थ नलागेमा यस लिखतमा देहायका शब्द र वाक्यांशको अर्थ देहाय बमोजिम हुनेछ ।***

क) संस्था भन्नाले यस द सहारा लो.से.को.सो.लि. भन्ने सम्झनु पर्दछ ।

ख) खाता भन्नाले यस संस्थामा शेयर सदस्यले खोलेको कुनैपनि प्रकारको खाता वा भविष्यमा प्रस्तावित गर्न सकिने खाता सम्झनु पर्नेछ ।

ग) मोबाईल बैकिङ्ग तथा एस एम एस सेवा भन्नाले संस्थाको शेयर सदस्यले संस्थामा खोलेको बचत खाता तथा ऋणको जानकारी प्राप्त गर्नको लागी शेयर सदस्यको मोबाईल नम्बरमा प्राप्त हुने सूचना भन्ने सम्झनु पर्दछ ।

घ) मोबाईल नम्बर भन्नाले सेवा उपलब्ध गराउने प्रयोजनको लागी शेयर सदस्यले उपलब्ध गराएको मोबाईल नम्बर सम्फनु पर्नेछ ।

ङ) सेवा प्रदायक भन्नाले अन्य निकाय वा व्यक्तिलाई सेवा प्रदान गर्ने निकाय सम्झनु पर्नेछ ।

च) नेपाल टेलिकम र एनसेल दुबै सेवा प्रदायक मोबाईल नेटवर्क संचालक हुन ।

***२. शर्त लागु हुने :***

शेयर सदस्यको यी शर्तहरु सहित परेको दरखास्त र संस्थाले दिएको स्विकृतीले शेयर सदस्य र संस्था बिच करार खडा गर्ने छ र यस्तो करार संस्था र अन्य सेवा प्रदायक बीच सम्पन्न हुने शर्तहरुको अधिनमा रहनेछ ।

***३. सेवाका लागी दरखास्त :***

शेयर सदस्यले सेवा प्रयोग गर्न संस्थाले उपलब्ध गराएको तोकिएको मोबाईल बैकिङ्ग सम्बिन्ध दरखास्त संस्थामा पेश गर्नुपर्ने छ ।

***४. सेवाका लागी दरखास्त दिने योग्यता :***

यो सेवा एकल खातावालन वा व्यक्गित रुपमा बैकिङ्ग गर्न अधिकार प्राप्त व्यक्तिलाई मात्र उपलब्ध गराईने छ । संयुक्त खाता भएको अवस्थामा सेवा हासिल गर्न अन्य खातावालको लिखित आदेश अपरिहार्य हुनेछ । एकलौटी व्यवसायीक फर्म बाहेकका अन्य कम्पनी खाताहरुमा एस एम एस जानकारी सुविधा मात्र उपलब्ध गराउन सकिनेछ । मोबाईल बैकिङ्ग प्राय सबै जसो मोबाईल उपकरणमा उपलब्ध हुनेछ । सेवा प्लेटफर्म संग शेयर सदस्यको मोबाईल फोन अनुकुल नभएको लगायतका कारणले सेवा उपलब्ध नभएमा वा यो सेवा प्रयोग गर्दा वा प्रयोग गर्ने प्रयास गर्दा शेयर सदस्यको मोबाईल उपकरणमा हानी वा क्षती पुगेमा संस्था जिम्मेवार हुने छैन ।

***५. संचार पद्धति :***

सेवाको संचार पद्धतीको रुपमा एस एम एस प्रयोग गरिनेछ । बैंकको तोकिएको नं. ........................ बाट ग्राहकले हानेको मोबाईल नम्बरमा एस एम एस पठाईनेछ । सेवा संग सम्बन्धित एस एम एस मा शेयर सदस्य बाहेक अन्य व्यक्तिका् पहुँच पुगेको कारण ग्राहकलाई हानी वा क्षती पुग्न गएमा संस्था जिम्मेवार हुने छैन ।

***६. संस्थाको अख्तीयारी :***

समय समयमा सेवाको प्रकारहरुमा थप घट र परिर्वतन गर्न सक्ने अधिकार संस्थामा निहित हुनेछ ।

***७. जवाफदेहिता नहुने :*** **(Disclaimer of liablity)**

सेवा प्रदान गरिएको भौगोलिक दायरामा नरहेको कारणले निजले सेवा उपयोग गर्न नपाएमा संस्था जिम्मेवार हुने छैन । यदि मोबाईल नं. अन्य व्यक्ती लाई प्रदान गरिएको वा निजको खाताबाट अनधिकृत कारोबार भएको वा निजको मोबाईल फोन हराएको भएमा निजले संस्थालाई तत्काल जानकारी दिनु पर्नेछ । देहायका अवस्थाका लागी संस्था जिम्मेवार नहुने कुरामा म शेयर सदस्यहरुको सहमती छ ।

क. जानी जानी वा अन्जानमा तेस्रो पक्षलाई मोबाईलको जानकारी दिएमा ।

ख. शेयर सदस्यले यसमा उल्लेखित कुनै शर्त उल्लंघन गरेमा

ग. खाताबाट भएको अनधिकृत कारोबार वा त्रुटीपूर्ण कारोबारका बारेमा उचित समय भित्र संस्थालाई जानकारी नगराएमा ।

घ. शेयर सदस्यको माबाईल नम्बर परिवर्तन भएको वा समाप्त भएको बारेमा निजले संस्थालाई लिखित जानकारी नगराएमा ।

ङ. मोवाईल फोन नम्बरको माध्यमबाट सेवामा पहुँच हुने कुरा स्विकार्दछु र मैले गरेको वा नगरेको भएपनि सो नम्बरबाट भएको कुनै पनि कारोवार मैलै नै गरेको मानिनेछ । प्राकृतिक प्रकोप, कानुनी अवरोध, मोवाईल नेटवर्क प्रदायकको त्रुटी र असफल नेटवर्क, तेस्रो पक्ष सेवा प्रदायक र संस्थाको काबु बाहिरको कुनै कारण लगायत कारणले सेवा उपलब्ध हुन नसकेमा संस्था कुनै पनि अवस्थामा जिम्मेवार हुनेछैन । कुनै पनि प्रत्यक्ष, अप्रत्यक्ष, आकस्मिक, आनुषाङ्गिक हानि र आयको नोक्सानी, व्यवसायमा बाधा वा शेयर सदस्य वा अन्य व्यक्तिले वहन गरेको कुनै पनि प्रकार वा प्रकृतिको हानी नोक्सानीका लागी संस्था कुनै पनि अवस्थामा जिम्मेवार हुने छैन । सेवाको कानून विपरित वा अनुचित प्रयोग भएमा संस्थाले निर्धारण गरे बमोजिमको आर्थिक व्यवभार मैले भुक्तानी गर्नेछु र मलाई दिइएको सेवा बाट निस्कासन गरेमा मेरो मंजुरी हुनेछ ।

***८. सुरक्षा :***

संस्थाले सेवा प्रदान गर्दा सेवा प्रयोग सम्बन्धमा दिईएका निर्देशन बमोजिम कार्य गर्न ईन्कार गरिएको वा कुनै कार्यको परिणाम स्वरुप संस्थाले व्यहोर्नुपर्ने, बहन गर्नुपर्ने, भोग्नुपर्ने कारवाही, दावी, माँग, लागत दस्तुर खर्चबाट संस्थालाई सुरक्षित, खतरामुक्त र संरक्षित राख्न म मन्जुर गर्दछु ।

***९. शुल्क :***

संस्थालाई सेवामा लाग्ने शुल्क निर्धारण गर्ने र ग्राहकलाई पूर्व सूचना दिई वा नदिई समय समयमा आवश्यकता अनुसार शुल्क परिमार्जन गर्ने एकल स्वविवेकाधिकार हुनेछ ।

***१०. संशोधन:***

संस्थालाई कुनै पनि समय कुनै पनि शर्त संशोधन गर्ने वा थप शर्त निर्धारण गर्न पूर्ण स्वविवेकाधिकार हुने र त्यस्ता संशोधित शर्त मलाई लागू हुनेछ र मेरो लागी वाध्यात्मक हुनेछ ।

***११. समाप्ती :***

सेवा अन्त्य गर्न मैलै संस्थालाई लिखित सूचना दिनुपर्नेछ । सेवा समाप्त गर्नुभन्दा अघि मेरो मोवाईल फोन नम्बरबाट भएको सबै कारोवारहरु प्रति म उत्तरदायी रही रहनेछु । संस्थाले आफ्नो स्वविवेकमा मलाई पूर्व सूचना दिई वा नदिई कुनै पनि समयमा पुरै वा आंशिक रुपमा सेवा अस्थायी रुपमा फिर्ता लिन वा समाप्त गर्न सक्नेछ । मर्मत सम्भार कार्य वा आकस्मिक कारण परेमा वा सुरक्षा समेतका कारणले संस्थाले पुर्व सूचना नदिई कुनै पनि समयमा सेवालाई निलम्बन गर्न सक्नेछ । मैले खाता बन्द गरेमा सेवा स्वतः समाप्त हुनेछ । मैले यो शर्त उल्लंघन गरेमा वा मेरो मृत्यू, टाट पल्टाई वा कानूनी क्षमताको अभाव भएको जानकारी हुन आएमा वा संस्थाले उचित ठानेको अन्य कुनै अवस्थामा संस्थाले पुर्व सूचना नदिई सेवा निलम्बन गर्न वा समाप्त गर्न सक्नेछ ।

..................................

शेयर सदश्यको दस्तखत